बैठक मिति: २०७७।१०।१३

बैठक संख्या: १८

छलफल तथा निर्णय:

१. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट अनुरोध भई आएका १२ वटा पुरातात्त्विक सम्पदाहरूको पुनर्निर्माणसम्बन्धी आयोजनाहरूलाई बहुवर्षीय ठेक्काको लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा स्रोतको सहमतिका लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

२. नेपालगञ्ज क्षयरोग रेफरल केन्द्रलाई स्तरवृद्धि गरी लुम्बिनी प्रदेशस्तरीय क्षयरोग रेफरल अस्पताल भवन निर्माण आयोजना स्वास्थ्य क्षेत्रको महत्वपूर्ण र प्रदेश सरकारको प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा रहेको हुँदा उक्त आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा स्वीकृति प्रदान गर्ने।

**विविध:**

क. अतिकम विकसित मुलुकबाट स्तरोन्नतिका लागि विज्ञ समूहको बैठक र सो सम्बन्धी भएका कार्यहरूका बारेमा बैठकमा छलफल गरियो।

ख. राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठकमा भएका निर्णयहरू कार्यान्वयन गर्ने सम्बन्धमा छलफल गरियो।

ग. पन्ध्रौं योजनाको चित्रात्मक जानकारी पुस्तिका (इन्फोग्राफिक्स) प्रकाशन गर्ने।

घ. कोरोना महामारीपश्चातको आर्थिक सामाजिक पुनरुत्थान रणनीति तर्जुमा सम्बन्धमा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा रहेको समितिका कार्यहरू बारे छलफल गरियो।

ङ. समृद्ध नेपाल निर्माणार्थ मानव स्रोत प्रस्फुटन (Unlocking Human Capital) सम्बन्धी परियोजना बारे बैठकमा प्रस्तुतीकरण गरियो।